दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३२४ | बुटवल | २०८१ मंसिर १६, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Dec. 01, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

भ्रष्टाचार र अनियमितता विरुद्ध जुटौं

-घुस लिने र दिने दुवै अपराधी हुन् ।
-भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।
-सदाचारीलाई सम्मान र पुरस्कृत गरौं ।
-सदाचार र नैतिक संस्कृतिको प्रबर्द्धन गरौं ।
-सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं ।
-भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं ।
-भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## बुद्ध मावली पण्डितपुर क्षेत्रको उत्खनन् सुरु



**केशव पराजुली**
*नवलपरासी*

पश्चिम नवलपरासीको रामग्राम नगरपालिकामा रहेको गौतमबुद्धको मावली पण्डितपुर क्षेत्रको उत्खनन् शनिबारबाट सुरु गरिएको छ । उत्खनन् नेपाल सरकार पुरातत्व विभागको विज्ञ टोलीबाट सुरु गरिएको हो । विज्ञ टोली करिव एक महिनासम्म पण्डितपुरको उत्खनन् पर्नेछ । २३ दिनसम्म परातत्वविद भास्कर ज्ञवालीको टोलीले उत्खनन् कार्य गर्ने छ ।

रामग्राम नगरपालिका तथा नेपाल सरकार पुरातत्व विभागको नेतुत्वमा विज्ञटोलीबाट रामग्राम वडा नम्बर १८ पण्डितपुर क्षेत्रको उत्खनन् कार्यको सुभारम्भ संघीय सांसद ध्रुवबहादुर प्रधानले गरेका छन् । तत्कालिन जिल्ला विकास समितिको पहलमा पहिलो पटक पुरातत्वविद सुक्रराज श्रेष्ठले पण्डितपुर क्षेत्र गौतमबुद्धको कोलीय गणराज्यको राजधानी भएको रिपोट दिएको थियो । पण्डितपुर क्षेत्रको २०६८ देखि ७३ सम्म विभिन्न अनुसन्धान भएका थिए । चार वर्ष अगाडि उक्त स्थानमा बुद्धकालिन विभिन्न संरचना फेला परेका थिए ।

२०७० सालमा पुरातत्वविद तारानन्द मिश्रलेपण्डितपुर क्षेत्र बुद्धकालिन महत्वपूर्ण क्षेत्र भएको बताएका थिए । ६० विगाह कुल क्षेत्र रहेको पण्डितपुरममा २२ हेक्टर ३२ बिगाह जग्गामा बुद्धसँग सम्बन्धित षेब रहेको बताइन्छ । २०७१ सालमा भू-भौतिक सर्वेक्षण हुँदा प्राचीन शहर र धेरै बुद्ध कालिन संरचना भेटाएको थियो । कोलीयका राजाद्वारा शासित क्षेत्र पण्डितपुर भएको बताइन्छ । ऐलानी प्रतिजग्गा स्थानीयले भोग चलन गर्दै आएकोमा नगरपालिकाको पहलमा स्थानीयले जग्गा छाडेका छन् ।

अझ पनि धेरै जग्गामा स्थानीयले खेती गर्दै आएका छन् । राष्ट्रिय आवास कम्पनी र सुकुम्बासी आयोजले त्यस क्षेत्रको जग्गामा नापनक्सा नगरी छाडेको स्थानीय सहदालले बताए । पछि पण्डितपुर क्षेत्रको उक्त जग्गामा केही सुकुम्बासी आएर कब्जा गर्न खोजेपछि स्थानीयले कब्जा गरी खेती गर्दै आएको स्थानीयले बताए ।

पण्डितपुर क्षेत्रको उत्खनन्का लागि ८ लाख विनियोजन गरेको छ, पण्डितपुर क्षेत्रको जग्गालाई संरक्षणका लागि जग्गा अतिक्रमण अवश्यक रहेको पुरातत्वविद् भास्कर ज्ञवालीले बताएका छन् । रामग्राम नगरपालिकाले रामग्राम, पण्डितपुरलगायतका क्षेत्रको उत्खनन्का लागि ४० लाख बिनियोजन गरेर काम अगाडि बढाएको छ । पण्डितपुर क्षेत्रको उत्खनन् कार्यको सुभारम्भ गर्दै संघीय सांसद ध्रुवबहादुर प्रधानले गौतमबुद्धको जन्मस्थल लुम्बिनीसँगै सबै क्षेत्रको विकासका लागि तीनवटै सरकारहरु अग्रसर भएर लाग्न जरुरी रहेको बताएका छन् । पूर्वमन्त्री प्रधानले बुद्धको देशमा जन्मेका नेपालीहरुले अरु र अरुको ठाउँको भन्दा पनि आफ्नो ठाउँको विकासका बारेमा अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

आफूले पण्डितपुरमा खुल्ला संग्रहालयका लागि १ करोड रकम विनियोजन गरेको उनले बताए । बुद्धले लिएको शान्तिको सन्देश अहिले पनि आवश्यक रहेको बताउँदै सांसद प्रधानले लुम्बिनी, तिरौराकोट, रामग्राम र पण्डितपुरको विकासको लागि सबै प्रतिबद्ध हुन जरुरी रहेको बताए ।

रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले पण्डितपुर र रामग्रामको विकास र बिस्तारका लागि सबै लाग्नुपर्ने बताउँदै नगरपालिकाको मात्र चाहनाले यस क्षेत्रको विकास सम्भव नभएको हुँदा तीनवटै सरकारको अग्रसरता अपरिहार्य रहेकोमा जोड दिए । प्रदेश सभासद खड्कबहादुर बस्नेत, बैजनाथ जैसवाल जिल्ला समन्वय समितिका प्रमुख भगवति यादव, प्रमुख जिल्ला अधिकारी स्मीम श्रेष्ठ, रामग्राम नगरपालिकाकी उप-प्रमुख सम्झना चौधरी, स्थानीय शोभा चौधरीलगायतले पण्डितपुर र रामग्रामको विकासमा जोड दिएका थिए ।

## यो सरकार २०८४ सम्म : अर्थमन्त्री



बुटवल । उप-प्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकले औद्योगिकरणमा फड्को मार्न नसकेको बताएका छन् । रुपन्देही उद्योग संघले संघको ४७औं वार्षिकोत्सव एवं औद्योगिक दिवसको अवसरमा बुटवलमा गरेको कार्यक्रममा अर्थमन्त्री पौडेलले अहिलेसम्म औद्योगिकरणमा फडको मार्न नसक्नु कमजोरी भएको स्वीकार्दै अब तीब्र गतिमा औद्योगिकरणमा जानुपर्ने बताए ।

सरकारले बुटवलको मोतीपुर औद्योगिक क्षेत्र स्थापनालाई प्राथमिकतामा राखेर उद्योग मन्त्रालयसँग निरन्तर छलफल गरिरहेको उल्लेख गर्दै पौडेलले स्थानीयले जोतभोग गरिरहेको र बस्ती रहेको क्षेत्र छाडेर भए पनि औद्योगिक क्षेत्र निर्माणको काम थाल्ने तयारीमा रहेको बताए ।

अहिलेको सरकार २०८४ को चुनावसम्म नढल्ने दावी गर्दै अर्थमन्त्री पौडेलले उद्योगीलाई ढुक्क भएर लगानी गर्न आग्रह गरे । अहिलेको जस्तो स्थिर सरकार अहिलेको संसदको अंकगणितले दिन नसक्ने भएकाले यसको लाभ उद्योगी व्यवसायीले लिन सक्नुपर्ने पौडेलले सुझाए । एमाले उपाध्यक्ष समेत रहेका पौडेलले अहिलेको सरकार ढालेर अस्थिरता निम्त्याउने प्रयास कसैले गरे पनि सफल नहुने जिकिर गरे ।

सरकारले अर्थतन्त्र सुधारका लागि विज्ञहरुको आयोग बनाएर उनीहरुका सुझावका आधारमा अघि बढेको र आउने नीति तथा कार्यक्रम र बजेटमा त्यसको प्रतिफल देखिने उनले बताए । बुटवलको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रदर्शनी स्थल सञ्चालनका लागि समिति बनाइएको र कार्यविधि बनाएर छिटै सञ्चालनमा ल्याउने उनले बताए ।

ट्रंकलाइनको बक्यौता विवाद समाधान गर्न विद्युत प्राधिकरणले खपत गरेको विद्युतको दिल दिनुपर्ने र उद्योगीले बिल अनुसार भुक्तानी गर्नु वाहेक अरु विकल्प नभएको अर्थमन्त्रीले स्पष्ट पारे ।

उनले गौतमबुद्ध विमानस्थल राम्रोसँग चल्ने दाबी गर्दै आइएलएस प्रविधिको विकल्पमा अरु प्रविधि ल्याएर भए पनि चलाउने बताए ।

अर्थमन्त्री पौडेलले विमानस्थल चल्दैन भनेर नबोल्न र नलेख्न आग्रह गरे ।

कार्यक्रममा उत्कृष्ट उद्योगीहरु र पत्रकार दिनेश पाण्डेलाई पुरस्कृत गरिएको थियो पाण्डे उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका हुन् । नेपाल पत्रकार महासंघ रुपन्देही र रुपन्देही उद्योग संघको सहकार्यमा स्थापित पुरस्कारको राशी ४७ हजार १५५ रुपैयाँ छ ।

## ग्रामीण विकास लघुवित्तमा कर्मचारी बढुवा विवाद

**कांग्रेस, एमाले र माओवादी निकट तीनवटा ट्रेड यूनियनले आन्तरिक परीक्षाअन्तर्गत कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन (आन्तरिक फाइल बढुवा) को नतिजा प्रकाशन भएपश्चात् मात्र आन्तरिक लिखित परीक्षा गर्न माग गर्दै यो नगरिए संस्थामा तालाबन्दीसहित हड्तालमा जाने चेतावनी दिएका छन् ।**





**लुम्बिनी संवाददाता**
*बुटवल*

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.मा कर्मचारी बढुवा प्रकृयामा ट्रेड यूनियन संगठनले असहमति जनाएपछि विवादित बनेको छ । लघु वित्त संस्थामा कार्यरत कर्मचारीहरुका तीनवटा ट्रेड यूनियन संगठनले मंसिर २२ र २३ गते लिन लागिएको बढुवा परीक्षा तत्काल रद्द गरी कर्मचारीहरुको मूल्याङ्कन बढुवा गर्न माग गरेका छन् । मूल्याङ्कन बढुवा नगरी आन्तरिक बढुवा प्रकृयामा गए स्वीकार्य नहुने कर्मचारी संगठनहरुले चेतावनी दिएका छन् ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन र ग्रामीण विकास लघु वित्त कर्मचारी संगठनले छुट्टाछुट्टै विज्ञप्ति जारी संस्थाले अघि बढाएको कर्मचारी बढुवाका लागि लिखित परीक्षाप्रति असहमति जनाउँदै श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी संस्था र नियामक निकाय नेपाल राष्ट्र बैंकसहित सरोकारवाला कार्यालयहरुमा विरोध पत्र बुझाएका छन् ।

ट्रेड यूनियन संगठनहरुले आफूहरुका माग सम्बोधन नगरी परीक्षा लिन खोजेमा संस्थामा तालाबन्दी गरी हड्ताल गर्न बाध्य हुने चेतावनी दिएका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दीपेन्द्र लुइँटेलले वित्तीय संस्थाहरुमा विगतदेखिको अभ्यासअनुसार कर्मचारीको कामको मूल्याङ्कनका आधारमा हुने मूल्याङ्कन (फाइल) बढुवा पहिले गरेर मात्र आन्तरिक बढुवा प्रकृयामा जानुपर्ने अन्यथा स्वीकार्य नहुने बताए ।

'विगतका अभ्यासलाई बेवास्ता गरेर ट्रेड युनियनको असहमतिका बिच आन्तरिक बढुवा (सबैको लिखित परीक्षा) गर्न खोजिए कर्मचारीलाई स्वीकार्य हुँदैन,' लुइँटेलले भने-'देशभर लघु वित्त संस्थामाथि प्रश्न उठेका बेला ट्रेड यूनियनहरुको मागलाई नजर अन्दाज गरेर जबरजस्ती गर्न खोजे संस्थाले ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्छ, त्यस्तो नहोस् ।'

अध्यक्ष लुइँटेलले संस्थाले अपेक्षाकृत र सन्तोषजनक वित्तीय प्रगति गर्न नसकेको अवस्थामा आर्थिक क्षमताले थेग्न नसक्ने गरी ५ सय बढी नयाँ कर्मचारी नियुक्तिका लागि विज्ञापन गरेर ठूलो आर्थिक चलखेल गर्न खोजिएको आरोप लगाए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रदेशका समस्या

संघीय शासन प्रणाली विधिवत रुपमा स्थापना भएको सात वर्ष पुगे पनि व्यवहारमा कार्यान्वयन हुन नसक्दा प्रदेश सरकारका कामले गति लिन सकेको छैन । संविधान बनेपछि भएका दुई चुनावले राजनैतिक नेतृत्व विधिवत रुपमा स्थापित गरे पनि सरकार चल्नका लागि आवश्यक ऐन कानुनको तर्जुमा नहुँदा कामकाजी बन्न सकेका छैनन् ।

सरकारलाई कामकाजी बनाउन सक्दा मात्रै नागरिकले विकासको प्रतिफल पाउन सक्छन् । सरकारप्रति नागरिकको आशा र विश्वास जगाउनका लागि आवश्यक कानुन छिटो बन्नुपर्नेमा अझैं बनेका छैनन् । संविधानले दिएका अधिकार प्रयोग गर्न नपाउँदा प्रदेश सरकार केवल नाममात्रैको सरकार बन्न पुगेका छन् । लुम्बिनी प्रदेश विकास समस्या समाधान समितिको बैठकले प्रदेशका २४ वटा समस्या पहिचान गरेर राष्ट्रिय विकास समस्या समितिमा पठाएको छ । बैठकमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम प्राप्त हुन नसकेको विषय प्रमुख समस्याका साथ उठाइएको छ । प्रदेश सरकारले गत वर्षको झण्डै साढे दुई अर्ब दायित्व भुक्तानी गर्न बाँकी छ । संघीय सरकारले वित्तीय समानीकरण अनुदानको रकम नपठाउँदा प्रदेशले आर्थिक संकट भोग्नु परेको छ । सशर्त अनुदानको रकम घटाएर वित्तीय समानीकरण अनुदानको बजेट बढाउने विषयलाई प्रमुखताका साथ उठाइएको हो । साझा अधिकारका सूचीको कार्य बाँडफाँट र प्रहरी समायोजनाको विषयलाई पनि उठाइएको छ । संविधानले समानीकरण अनुदान बढाउँदै जानुपर्नेमा सर्शत अनुदान बढाएर समानीकरण अनुदान घटाउँदै जाने संघीय सरकारको चाल संघीयता विरोधी छ ।

साझा अधिकार सूचीमा रहेका विषयमा कार्य बाँडफाँटमा स्पष्ट मापदण्ड बनाई लागू गर्ने र प्रहरी समायोजनको कुरा छिटो टुंगो लगाउनुपर्ने, प्रदेश र स्थानीय तहमा कर्मचारी परिचालनको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृत प्रदेशले पठाउनेगरी व्यवस्था गर्नुपर्ने, वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनमा प्रक्रियागत विषयमा अधिकार प्रत्यायोजन हुनुपर्ने विषयलाई उठाइएको छ । वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनका प्रक्रियागत विषयमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने विषय पनि राष्ट्रिय विकास समस्या समितिमा पठाइएको छ ।

प्रदेश सरकारले भोग्दै आएका समस्या केवल सरकार सञ्चालनका विषयसँग सम्बन्धित मात्रै होइनन् । नागरिकलाई दिनुपर्ने सेवाप्रवाहको कामसँग सम्बन्धित पनि छन् । सेवा प्रवाहको गति बढ्दा, विकासको प्रतिफल नागरिकमाझ पुग्दा अन्ततः व्यवस्थाप्रति नै विश्वास र भरोसा बढ्ने हो । व्यवस्थाप्रति विश्वास र आशा जगाउन प्रदेश विकास समस्या समाधान समितिले पठाएका समस्यालाई राष्ट्रिय विकास समस्या समाधान समितिमा छलफल गरी समाधानको पहल हुनुपर्छ ।

# नयाँ मिडियामा स्वनियमन आवश्यक



प्रमोदकुमार टण्डन

*प्रेसका चार सिद्धान्त अनुसारको पहिलो अधिनायकवादी सिद्धान्त मातहत रहेका परम्परागत मिडिया विभिन्न कालखण्डका आन्दोलन र राजनीतिक व्यवस्था परिवर्तनसँगै नेपालमा ढिलोचाँडो उदारवादी सिद्धान्तको प्रयास सुरु भयो । यतिबेला नेपाली परम्परागत मिडियामा कहीं न कहीं १६ औं शताब्दीमा सुरु भएको अधिनायकवादी सिद्धान्त धेरथोर प्रचलनमा छ । हरेक समाचार सेन्सर गरेर मात्रै प्रकाशित हुने व्यवस्थाबाट आजित नेपाली मिडिया जगत् संविधानप्रदत्त पूर्ण रूपमा स्वतन्त्र मिडियाको हक सूनिश्चित भएसँगै पछिल्लो समय इन्टरनेटमा आधारित मिडियामा होस गुमाएर लागेको आभास भइरहेको छ ।*



**दृष्टान्त** १. कोरोनापश्चात् लकडाउन लम्बिँदै जान थालेपछि उपत्यका बाहिरका मानिस काठमाडौँमै थुनिएको बेला विसं २०७६ चैत अन्त्यतिरको एक दिन अनलाइनहरूमा समाचार आयो, 'उपत्यका बाहिर जान चाहनेलाई यातायातको व्यवस्था गरेर पठाइने ।'

उच्चस्तरीय समितिलाई उद्धृत गर्दै प्रकाशित समाचारमा समितिले निर्णय गर्दै छ भनेर प्रचार गरियो । समाचार भाइरल भयो र जसरीतसरी मानिसहरू सरसामान बोकेर घर जाने तयारीका साथ आफू बसेको ठाउँ नजिक रिङरोडमा निस्किए । अन्तिममा उच्चस्तरीय समितिले निर्णय गरेन । घर जान पाउने आसमा निस्केका मानिस सरसामान लतार्दै फर्किनु पर्‍यो ।

**दृष्टान्त** २: केही वर्षअघि अर्बपति विनोद चौधरी विश्वकै धनीमध्येमा भन्ने शैलीको नेपाली भाषाको एक निजी अनलाइन पोर्टलको समाचारको तलपट्टि टिप्पणीमा लेखिएको थियो, 'भएर के भो त, हाम्लाई पैसा दे'को छैन केरे ।' टिप्पणीकर्ता जोसुकै भए पनि उक्त टिप्पणी हाम्रो समाज कता जाँदै छ भन्ने कुराको सङ्केत हो । सकेसम्म बसीबसी दुःख नगरी पैसा आइदिओस्, अरूले गरेको काम सबै अवैध, आफ्नो मात्रै वैध.. यस्तै यस्तै मानसिकताको भयङ्कर फुर्सदिलो प्रस्फुटन उत्साहित रूपमा पोखिएको उक्त टिप्पणी केही समयपछि हटेछ ।

**दृष्टान्ट** ३. केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओली दशरथ रङ्गशाला जाँदा लाइभमा आएर एक जना युवाले प्रधानमन्त्रीविरुद्ध बोलेको बोली भाइरल भएर छानबिन हुने भएपछि जापान पुगेका उक्त युवाले माफी मागेको, भिडियो हटाएको विषय चर्चामा थियो ।

**दृष्टान्त** ४. प्रधानमन्त्री केपी शर्मा ओलीको लगानी कम्बोडियामा भएको बारेमा उस्तै देखिने गरी नक्कली डकुमेन्टसहितको भिडियो सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरेको आरोपमा मेडिकल उद्यमी दुर्गा प्रसाईमाथि अनुसन्धान भइरहेको छ ।

यी चार वटै प्रतिनिधि दृष्टान्त अनलाइन पोर्टल, युट्युब र सामाजिक सञ्जालमा राखिएका हुन् अर्थात् माध्यम डिजिटल मिडिया हो । अझ आमसञ्चारको भाषामा भन्नुपर्दा नयाँ मिडियाका सामग्री हुन् । परम्परागत राजतन्त्र वा अधिनायकवादी देश हुँदो हो त यस्ता टिप्पणी हुने नै थिएनन् । २१औँ शताब्दीको सूचना-प्रविधिको युगमा प्रजातन्त्र हुँदै गणतन्त्रात्मक शासन अँगालेको नेपाल जस्तो देशमा वाक् स्वतन्त्रता संविधानमै सुनिश्चित गरिएकाले केही आधार नभई सिधैँ समातेर कारबाही गर्न सकिन्न । पुस्तक, पत्रपत्रिका, रेडियो र टेलिभिजन जस्ता परम्परागत मिडियामा निश्चित सत्यतथ्य चेकजाँच पछि मात्रै सामग्री जनमानसमा पुग्ने हुँदा एकपक्षीय र हावादारी समाचार छापिँदैनन् वा छापिन पाउँदैनन् ।

यता नयाँ मिडिया भनिने इन्टरनेटमा आधारित अनलाइन समाचार पोर्टलहरू, विभिन्न सामाजिक सञ्जाल, युट्युबलगायतमा सोझै जस्तो मन लाग्यो त्यस्तै सामग्री बिना रोकटोक एक जनाले पोष्ट गरेको भरमै लाखौँ जनमानसमा पुग्ने सुविधा हुन्छ । कस्तो सामग्री पोस्ट गर्ने, के पोस्ट गर्ने, के नगर्ने, किन गर्ने, पोस्ट गर्नै पर्ने हो कि, पोस्ट नगर्दा पनि हुने हो कि भन्ने विचारै नगरी जतिसक्दो छिटो पोस्ट गर्ने धुनमा सही र गलत नछुट्याइ पोस्ट गर्दा त्यस सूचनाबाट जनमानसमा पर्ने क्षतिको जिम्मेवार को हुने ? नयाँ मिडियाको सही सदुपयोग हुन सक्यो भने परम्परागत मिडियाले भन्दा प्रभावकारी ढङ्गले तत्कालै नयाँ खबर जनमानसमा पुर्‍याउन सक्छन् । सही सदुपयोग भएन भने ? यस मामिलामा जानकारहरू दुई भागमा विभाजित छन् १. त्यस्ता हावादारी र बदनियतपूर्ण सामग्री प्रसारण गर्नै नदिने वा बन्देज गर्ने र २. त्यस्ता सामाग्रीलाई महत्व नदिने, त्यसपछि त्यस्ता सामग्री दिने माध्यम नै ढिलो चाँडो सच्चिन्छन् । भाँडा पसलमा चक्कु किनेर कसैले त्यही चक्कु हानेर मानिसको हत्या गर्‍यो भने त्यो हत्या गर्ने व्यक्तिलाई कारबाही गर्ने कि चक्कु बेच्नै प्रतिबन्ध लगाउने ? ठिक त्यस्तै, कुनै मानिसले टाउको दुखेमा खाने प्यारासिटामोल एकै पटक २५ ओटा खाएर आत्महत्या गर्‍यो भने प्यारासिटामोल बेच्न प्रतिबन्ध लगाउने कि, व्यक्तिले प्यारासिटोमोल दुरुपयोग गर्‍यो भन्नेतिर लाग्ने ।

इन्टरनेटको सहज उपलब्धतासँगै एकाएक परम्परागत मिडियालाई छायाँमा पार्दै फड्को मारेको नयाँ मिडिया व्यवस्थित गर्न विश्वभर विभिन्न देशले आ-आफ्नै किसिमले प्रयास गरेका छन् । कतै सामाजिक सञ्जाललगायतका इन्टरनेटमा आधारित नयाँ मिडियामा पूर्ण प्रतिबन्ध लगाइएको छ भने कतै आंशिक प्रतिबन्ध । नेपाललगायत कतिपय देशमा नयाँ मिडियामा प्रकाशित सामग्रीका कारण कसैलाई क्षति पुगेको उजुरी परेमा मात्रै छानबिन र कारबाही गर्ने र बाँकी नयाँ मिडिया स्वनियममै छाडेको पाइन्छ ।

प्रेसका चार सिद्धान्त अनुसारको पहिलो अधिनायकवादी सिद्धान्त मातहत रहेका परम्परागत मिडिया विभिन्न कालखण्डका आन्दोलन र राजनीतिक व्यवस्था परिवर्तनसँगै नेपालमा ढिलोचाँडो उदारवादी सिद्धान्तको प्रयास सुरु भयो । यतिबेला नेपाली परम्परागत मिडियामा कहीँ न कहीँ १६ औँ शताब्दीमा सुरु भएको अधिनायकवादी सिद्धान्त धेरथोर प्रचलनमा छ । हरेक समाचार सेन्सर गरेर मात्रै प्रकाशित हुने व्यवस्थाबाट आजित नेपाली मिडिया जगत् संविधानप्रदत्त पूर्ण रूपमा स्वतन्त्र मिडियाको हक सूनिश्चित भएसँगै पछिल्लो समय इन्टरनेटमा आधारित मिडियामा होस गुमाएर लागेको आभास भइरहेको छ ।

सामाजिक सञ्जालमा अरूलाई गाली गर्नु, अनलाइन पोर्टलमा जथाभाबी हेर्नै नसक्ने खालका सामग्री आउनु, सभ्य शब्द लेख्नेले समाचार स्रोत नभई समाचार पोष्ट गर्नु, अरूलाई भ्रमित पार्नु, गलत सूचना दिनु र पछि कसैले उजुरी गरे सकेसम्म थप गलत सूचना दिनु, नत्र यस्तो थाहा थिएन भनेर सामग्री पोस्ट-डिलिट गर्नुलगायत केटाकेटीपन नेपाली नयाँ मिडियामा सर्वत्र छ । परम्परागत मिडियाको बेला शासकले भने अनुसारको सामग्री प्रकाशन गर्न पर्ने बाध्यताको तुष वा रिस अहिले डिजिटल मिडियामा तथानाम अर्कोको बेइज्जत गरेर फेर्ने त्यो पनि राज्यको जिम्मेवार चौथो अङ्गले, यसतर्फ जिम्मेवार दाबी गर्ने नेपालका मिडियाले सोच्नुपर्ने बेला भएको छ ।

संविधानप्रदत्त वाक् स्वतन्त्रताको नाजायज फाइदा उठाउँदै निर्णय नहुँदै यस्तो निर्णय हुँदैछ भनेर जनतालाई अपरिपक्व सूचना दिँदा लकडाउनको बेला जनताले सास्ती खेप्नु पर्‍यो । त्यसबेला सामाजिक सञ्जाल मात्रै नभएर गलत सूचनाको प्रवाहकर्ता अनलाइन समाचार पोर्टल नै भएका थिए । त्यो बेलाको हतारमा ब्रेकिङ समाचारको पछि लाग्दा सत्य तथ्य गुम्यो भनेर नयाँ मिडियाले माफी पाउँदैनन् । उद्योगपति विनोद चौधरीको समाचार सभ्य ढङ्गले अनलाइन पोर्टलमा आउँदा त्यसमा कसैले पैसा मागेर हल्का टिप्पणी गर्नु भनेको हामीले नयाँ मिडियालाई कति सस्तो र सार्वजनिक शौचालय जस्तो बनाएछौँ भन्ने ज्वलन्त उदाहरण हो । जे लेख्न पनि छुट छ है भन्ने मानसिकता उपार्जन हुनुमा त्यसअघिको वातावरण अति स्वतन्त्रता, उद्दण्डता र मनलाग्दी सामाग्री बिनारोकटोक नयाँ मिडियामा आइरहेको अवस्था पक्कै हो ।

सस्तो लोकप्रियताका लागि प्रधानमन्त्री जस्तो राष्ट्रको कार्यकारी बागडोर समालेको व्यक्तिलाई जे पनि गर्न सकिन्छ भनेर लाइभमा आएर कुर्लिनु सरासर नयाँ मिडियाको दुरुपयोग हो । जुन कुरा कुनै सभ्य व्यक्ति बोल्न त के सोच्न पनि सक्दैन । देशको प्रधानमन्त्री जस्तो व्यक्तिसँग दुस्मनी साँधेर एउटा फेक डकुमेन्ट बनाउने टिम किनेर मिडियाको सिद्धान्तलाई हावामा उडाउँदै कसैले नयाँ मिडियामा धमाधम जे पनि बोल्दा समाजमा ताली बजाउने मानिस छन् भने पक्कै पनि नेपालमा नयाँ मिडियालाई नियमन गर्न धेरै नै ढिला भइसकेको छ ।

अरू देशमा स्वनियमनमा वा नियमनमा नयाँ मिडिया बाँधिँदै गर्दा नेपालमा दिनहुँ यस प्रकारका तथानाम जथाभाबी र बिना रोकटोक सामग्रीले डिजिटल समाजमा झगडाको बीजारोपण गरिरहेको छ । एक व्यक्तिलाई देवत्वकरण र अर्कोलाई राक्षसीकरण गर्ने काममा सबैभन्दा अग्रपङ्क्तिमा हाम्रा सामाजिक सञ्जाल र इन्टरनेटमा आधारित मिडिया नै छन् । अझ नयाँ पुस्ता यसमा दिनहुँ घण्टौँ यस्तै सामग्रीमा भुलेर त्यसैलाई विश्वास गरिरहेका छन् । जसले नयाँ पुस्ताको भविष्य अन्धकारतिर लगिरहेको आभास हुन्छ । यसतर्फ युवाले सचेतता अपनाउन ढिला भइसकेको छ ।

मिडिया स्वतन्त्र हुनु पर्छ यसमा मतान्तर छैन, तर स्वतन्त्र भन्दैमा अङ्कुश नै नहुन थालेपछि विश्वमा मिडियाको सामाजिक उत्तरदायित्वको सिद्धान्त प्रतिपादन भएको हो । अन्यत्र विश्व उदारतावादी सिद्धान्तको दुरुपयोग गर्दै मिडिया सस्तो लोकप्रियतामा रमाउन थालेपछि सामाजिक उत्तरदायित्वको सिद्धान्त ल्याएर त्यस अनुरूप चलेको छ । त्यहाँका मिडिया आफ्नो भूमिकाको मूल्याङ्कन गर्छन् र सुधारिन्छन् ।

नेपालमा भने नयाँ मिडिया ठिक उदारतावादी सिद्धान्तको दुरुपयोगको चरणमा छन् । बेलैमा नयाँ मिडियामा आफैँले स्वनियम बुझेर आचारसंहिताको पालना गरे नयाँ मिडियाको दिगोपन कायम रहन्छ । अन्यथा नेपालका नयाँ मिडियाले सामाजिक उत्तरदायित्व बुझ्न र सरकारले बुझाउन ढिलो हुने छ । नयाँ मिडिया स्वयम् र सरकारको यसतर्फ बेलैमा ध्यान जाओस् ।
गोपबाट

सन्दर्भ विश्व एड्स दिवस:

# नेपालमा ९१ प्रतिशतले एचआइभी सङ्क्रमण घट्यो




काठमाडौँ । नेपालमा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले विश्व एड्स दिवसको अवसरमा जारी गरेको तथ्याङ्कमा सन् २००० को तुलनामा सन् २०२३ मा ९१ प्रतिशत एचआइभीको सङ्क्रमण घटेको पाइएको हो ।

केन्द्रका निर्देशक डा.सर्वेश शर्माका अनुसार सन् २०२३ मा ४५७ जना मात्र नयाँ एचआइभीका सङ्क्रमित भेटिएका छन् । सन् २००० मा पाँच हजार १०० जना नयाँ सङ्क्रमित भेटिएका थिए । उहाँले सरकारले एचआइभी उपचारमा उल्लेखनीय काम गरेकाले नयाँ सङ्क्रमति कम भइरहेको बताए । उनले सङ्क्रमतिलाई उपचार प्रक्रियामा ल्याइएकाले सर्न कम भएर घटेको बताए ।

"हामीले सङ्क्रमितको पहिचान गरेर औषधि पद्धतिलाई राम्रो बनाएका छौँ", उनले भने-"सबै सङ्क्रमित उपचारमा ल्याएका छौँ, ती उपचारमा रहेका सङ्क्रमितले औषधि खाएपछि अरुलाई सार्दैनन् र सङ्क्रमित कम हुँदै गएका छन् ।" औषधि खानेको शरीरमा भाइरसको भार न्यून हुने गरेको उनले जनाए ।

उनका अनुसार अहिले देखिएका सङ्क्रतिमध्ये ८७ प्रतिशतले औषधि सेवन गरिरहेका छन् । औषधि सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ । सन् २०२३ सम्म नेपालमा ३० हजार ३०० व्यक्ति एचआइभी सङक्रमित रहेका छन् । विश्वमा आठ करोड ८४ लाख मानिस एचआइभी सङ्क्रमित र चार करोड २३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । सन् २०२३ मा विश्वमा १३ लाख मानिस एचआइभी सङक्रमित भएका थिए ।

यस्तै एचआइभीबाट मृत्यु हुनेको संख्यामा कमी आएको छ । सन् २०२३ मा २३१ जनाको सङ्क्रमणको कारणले मृत्यु भएको छ । सन् २०१० मा एक हजार सात सय जना व्यक्तिको एड्सको कारणले मृत्यु हुने गरेको थियो । नेपालमा सन् १९९८ मा पहिलो पटक एचआइभी एड्स देखिएको थियो ।

निर्देशक डा. शर्माले अझैँ पनि उपचारबाट बाहिर रहेका करिब पाँच हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताए । "अझैँ करिब पाँच हजार सङ्क्रमित उपचारभन्दा बाहिर रहेका छन्", उनले भने-"हामी ती सङ्क्रमितको पहिचान गरेर उपचारमा ल्याउने प्रयासमा रहेका छौँ ।"

उनले एचआइभी सङ्क्रमितमाथि अझैँ समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको जनाए । नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारीका लागि विदेशिने रहेका छन् ।

तीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमणदर अरु जोखिम समूहभन्दा उच्च रहेको छ । सन् २०२० को राष्ट्रिय सर्वेक्षणअनुसार सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ । यस्तै सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङक्रमण रहेको पाइएको छ ।

सन् २०२४ मा सम्पन्न राष्ट्रिय सर्वेक्षणअनुसार भारतमा कामदार नेपालीमा शुन्य दशमलव दुई प्रतिशत सङ्क्रमण रहेको पाइएको छ । नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरेअनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रो लिङ्गी र रोजगारका लागि विदेशीने तथा तिनका दम्पत्ती एवं जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम तथा सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ । सोही योजनाअनुसार नेपालमा सन २०३० सम्ममा एड्स तथा एचआइभीलाई अन्त्य गर्ने रणनीति रहेको छ । अहिले अनुमानित एचआइभी सङ्क्रमिमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, ९५ प्रतिशतको उपचार गर्ने र ९५ प्रतिशतको शरीरमा भाइरसको भार न्यून गर्ने योजना सरकारको रहेको छ ।

केन्द्रका निर्देशक डा. शर्माका अनुसार एचआइभी सङ्क्रमिमध्ये ९४ प्रतिशतको पहिचान, ८७ प्रतिशतको उपचार र ७४ प्रतिशतको शरीरमा भाइरसको भार न्यून भइसकेको जानकारी दिए । हाल ६१ जिल्लाका ८४ एआरटी सेन्टरबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध रहेको छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन भइरहेको छ । आइतबार डिसेम्बर १ तारिख नेपालसहित विश्वभरि नै ३७औँ विश्व एड्स दिवस 'एड्स अन्त्यका लागि सबैको सुनिश्चतता गरौँ' भन्ने नाराका साथ मनाइँदै छ ।

**ग्रामीण...**

'परीक्षाको नतिजा फेयर निस्कनेमा थुप्रै आशंका देखिएका छन्, आवेदकसँग ठूलो आर्थिक चलखेल सुरु भइसकेको गुनासा आइसकेका छन्,' लुइँटेलले भने-'संस्थाको आम्दानीले थेग्न नसक्ने गरी एकसाथ यति ठूलो संख्यामा कर्मचारी नियुक्त गर्न किन खोजिँदैछ भन्ने विषयमा नियामक र सरोकारवाला निकायले सुक्षम निगरानी गर्नुपर्ने देखिन्छ ।'

नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष इश्वरप्रसाद लम्सालले कर्मचारी संगठन र संस्थाबिच भएको मौखिक सहमति अनुसार कार्यसम्पादन मूल्याङ्कन (आन्तरिक फाइल बढुवा) को नतिजा प्रकाशन भएपछि मात्र आन्तरिक लिखित प्रयोगात्मक परीक्षा सञ्चालन गरिनुपर्ने माग गरे ।

'संघ र संस्थाबिच भएको सहमतिभन्दा बाहिर गएर प्रकाशित सूचनामा वृत्ति विकासको प्रक्रिया अगाडि नबढाइए कडा प्रतिरोधका साथ प्रधान कार्यालय घेराउ र सबै काम ठप्प पारिनेछ,' लम्सालले भने-'आन्दोलनबाट उत्पन्न हुनसक्ने हानी नोक्सानीको जिम्मेवारी व्यवस्थापन पक्षको हुनेछ ।'

ट्रेड युनियनहरुले आफ्ना मागबारेको ध्यानाकर्षण पत्र नेपाल राष्ट्र बैंकका गभर्नर, ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिको संचालक समिति, बैंक तथा वित्तीय संस्था नियमन विभाग, श्रम कार्यालय बुटवल, लघुवित्त सुपरिवेक्षण विभाग बालुवाटार काठमाडौंलगायत ट्रेड यूनियनका केन्द्रीय समितिलाई बोधार्थ पठाएका छन् ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले राष्ट्र बैंकबाट स्वीकृत विनियामवली अनुसार बढुवा प्रकृया अघि बढ्ने बताए ।

२०७१ सालदेखि कर्मचारीको आन्तरिक बढुवा नभएकाले साविकका ५ वटा ग्रामीण विकास बैंकहरु मर्ज भएर ग्रामीण विकास लघु वित्त वित्तीय संस्था बनेको हो ।

# सिद्धार्थ केवलकार लिमिटेड

**रजिष्टर्ड कार्यालयः बुटवल-१, रुपन्देही**

**टेलिफोन नं.: ०७१-५३४६६३**

**scablecar0011@gmail.com, www.siddharthacablecar.com.np**

## संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०८/१६ गते आईतबार

यस केवलकार लिमिटेडका संस्थागत प्रभु ग्रुप्सका संस्थापक शेयर धनीहरुले आफ्नो नाममा कायम रहेको संस्थापक शेयरहरु बिक्रीको लागि यस कम्पनी समक्ष लिखित रुपमा निवेदन दिनु भएकाले यस केवलकार लिमिटेडको मिति २०८१/८/१५ गते शनिवार बसेको संचालक समितिको ४२औ बैठकबाट निर्णय भए बमोजिम हाल यस केवलकार लिमिटेडमा कायम रहनु भएका ईच्छुक संस्थापक शेयरधनीहरुले एकमुष्ठ संस्थापक शेयर खरिद गर्न पाउने गरी यो सूचना प्रकाशित गरिएकोछ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस कम्पनीका कम्पनी सचिवको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं । साथै उक्त समयावधि भित्र कुनै निवेदन प्राप्त हुन नआएमा प्रचलित कानुन बमोजिम उक्त शेयरमा हाल कायम संस्थापक शेयर धनीज्युहरुको दाबी नभएको सम्झी बिक्रीको लागि प्राप्त उक्त संस्थापक शेयरहरु खरिद गरी लगानी गर्न चाहाने अन्य नयाँ ब्यक्ति वा कम्पनीहरु खोजी सो शेयर बिक्री गर्न प्रभु ग्रुप्सका कम्पनीहरुलाई स्वीकृति दिईने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै संस्थापक शेयरको एकमुष्ठ बिक्री मूल्य सम्बन्धमा कम्पनी सचिवको कार्यालयमा सम्पर्क गरी बुझ्नु हुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

# सैनामैना नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बुद्धनगर, रुपन्देही**

## औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं. SQ/०५/०८१-८२**

प्रथम पटक विद्युतीय दरभाउपत्र प्रकाशित मिति २०८१।०८।१४ गते

यस सैनामैना नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत निःशुल्क औषधी वितरणको लागि आबश्यक पर्ने औषधीहरु आ.ब २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक सप्लायर्स, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. विद्युतीय दरभाउपत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले स्वीकृत म्याद भित्र रु.१०००।- (अक्षरुपी एक हजार) मात्र पछि फिर्ता नहुने गरि यस कार्यालयमा बुझाएको नगदी रसिद वा वैंक भौचर संलग्न राखि विद्युतीय दरभाउपत्र पेश गर्न सकिने छ ।

२. विद्युतीय दरभाउपत्र साथ निवेदकले आ.ब २०८१/०८२ को लागि नविकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरेको प्रमाणपत्र लगायतका आवश्यक कागजातको प्रमाणीत प्रतिलिपीहरु संलग्न राखि दरभाउपत्र मिति २०८१।०९।०१ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सक्नु पर्नेछ। पेश भएका दरभाउपत्र सोही दिन दिनको १:०० वजे खोलिने छ ।

३. विद्युतीय दरभाउपत्र पेश तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट सोही समयमा हुनेछ ।

४. विद्युतीय दरभाउपत्र दर्ता गर्दा जमानत बापत तपसिलको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, पर्रोहा शाखाको धरौटी खाता नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५. आफुले आपूर्ति (सप्लाई) गर्ने औषधीहरुको आधिकारीक पत्र (Authorization Letter ) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनीको हकमा National Suppliers बाट लिई पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र फाराममा खरिद गरिने प्रत्येक औषधी (आईटमवाइज) को उत्पादक कम्पनीको नाम अनिवार्य रुपमा उल्लेख गरी पेश गर्नुपर्ने छ ।

७. स्वीकृत दरभाउपत्र दाताले मूल्य अंकित औषधीमा बढी दररेट राख्न पाउने छैन । स्वीकृत दरभाउपत्र अनुसारको सामान एकमुष्ट खरिद गरिने छ । साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्ने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाकी भएको हुनुपर्ने छ । औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry Date को ७५ प्रतिशत म्याद बाकी हुदा दाखिला गर्न सकिने छ ।

८. आपूर्ती हुने सम्पूर्ण औषधीहरु WHO / GMP / ISO Certified Company बाट उत्पादित भएको हुनुपर्ने छ । उक्त कम्पनीहरुको WHO/ GMP सर्टिफिकेट अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

९.आपूर्ती हुने औषधीको प्रत्येक प्याकीङ्गको बाहिर उत्पादन मिति, Expiry Date, व्याच नं तथा Supply for Ministry of Health and Population, Nepal वा नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भन्ने स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून अनुसार हुनेछ ।

११. विद्युतीय सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यसै कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | लागत अनुमान (भ्याट सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | SQ/05/ 081-82 | Purchase and Supply of Medicines and Medicinal Related Products at Sainamaina | ४०,९९,९९४।१७ | १,१०,००० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

# Tansen Municipality

**Office of Municipal Executive**

**Tansen, Palpa**

**Lumbini Province**

## Invitation for Online Bids

Date of publication: 2081/08/16(Dec01, 2024)

Tansen Municipality Office, Tansen, Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

*Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa*

*Name of the Office: Tansen Municipality Office, Tansen, Palpa*

*Rajaswa Account No.: 3030100301010004*

*Bid Validity Period: 90 days( forTM/PLP/W/NCB/11/2081-082)*

*Bid Validity Period: 45 days( forTM/PLP/W/SQ/01/2081-082,TM/PLP/W/SQ/02/2081-082)*

*Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.*

| S. N | Contract No. | Name of Project | Estimated Amount inclusive VATand PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | TM/PLP/ W/NCB/11/ 2081-082 | Ranimahal Painting, Maintenance and Beutification Work, Tansen -13, Ranimahal, Palpa | 29,34,934.68 | 3000.00 | 80,000 | 2081/09/16 12.00 PM (Dec.31, 2024 |
| 2 | TM/PLP/W/ SQ/01/ 2081-082 | Ward Office Building Construction Work, Tansen-1, Bhusaldanda, Palpa | 14,36,134.72 | 1000.00 | 40,000 | 2081/09/01 12.00 PM (Dec.16 2024 |
| 3 | TM/PLP/W /SQ/02/ 2081-082 | Gaushala Byabasthapan Work, Tansen-14, Arghali, Palpa | 9,56,953.01 | 1000.00 | 25,000 | |

Chief Administrative Officer

# Provincial Government

**Lumbini Province**

**Ministry of Energy,Water Resources and Irrigation**

**Water Resources and Irrigation Development Division Office**

**Gulmi,Nepal**

## Invitation for Sealed Quotation

First date of Publication: 2081-08-16 (1st Dec, 2024)

WRIDDO, Gulmi invites electronic sealed quotations from eligible bidders for the Work as mentioned in table below under Under Sealed Quation. For further information visit PPMO's website www.bolpatra.gov.np/egp.

**Description of Projects**

| S.No. | Package no./ Contract No. | Estimated without VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | WRIDDO/GULMI/SQ-01/081/82 | 852,734.88 | 24,000.00 | 1,000.00 |
| 2 | WRIDDO/GULMI/SQ-02/081/82 | 1,281,584.65 | 36,000.00 | 1,000.00 |
| 3 | WRIDDO/GULMI/SQ-03/081/82 | 1,281,699.24 | 36,000.00 | 1,000.00 |
| 4 | WRIDDO/GULMI/SQ-04/081/82 | 1,284,617.12 | 36,000.00 | 1,000.00 |
| 5 | WRIDDO/GULMI/SQ-05/081/82 | 857,737.65 | 24,000.00 | 1,000.00 |
| 6 | WRIDDO/GULMI/SQ-06/081/82 | 1,284,617.12 | 36,000.00 | 1,000.00 |
| 7 | WRIDDO/GULMI/SQ-07/081/82 | 425,568.51 | 12,000.00 | 1,000.00 |
| 8 | WRIDDO/GULMI/SQ-08/081/82 | 854,723.11 | 24,000.00 | 1,000.00 |
| 9 | WRIDDO/GULMI/SQ-09/081/82 | 1,204,615.56 | 34,000.00 | 1,000.00 |
| 10 | WRIDDO/GULMI/SQ-10/081/82 | 968,849.03 | 27,000.00 | 1,000.00 |
| 11 | WRIDDO/GULMI/SQ-11/081/82 | 1,710,199.14 | 48,000.00 | 1,000.00 |
| 12 | WRIDDO/GULMI/SQ-12/081/82 | 1,709,886.32 | 48,000.00 | 1,000.00 |
| 13 | WRIDDO/GULMI/SQ-13/081/82 | 854,949.67 | 24,000.00 | 1,000.00 |
| 14 | WRIDDO/GULMI/SQ-14/081/82 | 856,505.24 | 24,000.00 | 1,000.00 |
| 15 | WRIDDO/GULMI/SQ-15/081/82 | 1,098,735.20 | 31,000.00 | 1,000.00 |

Acting Division Chief


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# राज्यपक्ष जिम्मेवार नहुँदा ट्रक व्यवसायी विस्थापित हुँदै




बुटवल । सरकारले तोकेको ढुवानी भाडा प्राप्त गर्नका लागि ओभरलोड र भारतीय गाडीहरुको भन्सार बिन्दुमै पल्टी हुनुपर्ने यातायात व्यवसायीले माग गरेका छन् । भारतीय गाडीहरुले निर्वाद रुपमा ओभरलोड बोक्दा नेपाली सडक, पुल पुलेसा र नेपाली ट्रक व्यवसायी आफ्नो पेशाबाट विस्थापित हुँदै गएको उनीहरुले गुनासो समेत गरेका छन् ।

पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलको शनिबार सम्पन्न २४औं वार्षिक साधारणसभामा बोल्ने व्यवसायीका अगुवाहरुले कानुन विपरीत ओभरलोड बोक्न नपाइने भए पनि सोको नियमन नहुँदा व्यवसायी मारमा परेको बताएका छन् ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष हिरालाल श्रेष्ठले मालवाहक सवारी साधनको भारवाहन नियमनसम्बन्धी निर्देशिका २०७४ तथा ओभरलोडसम्बन्धी प्रचलित कानुनअनुसार क्षमताभन्दा बढी भार बोक्नेलाई भन्सार बिन्दुमै पल्टी गराउनुको अर्को कुनै विकल्प नभएको बताए ।

यातायात व्यवसायीमुखि नीति नहुँदा व्यवसायीले वर्षौंदेखि समस्या भोग्दै आउनु परेको उल्लेख गर्दै यातायात व्यवसायी विस्थापित हुँदा पनि सरकारले न्याय दिन नसकेको गुनासो उनले गरे । ओभरलोड बोक्नु कानुन विपरीत भएको बताउँदै ओभरलोड बोक्ने गाडीलाई अब सडकमै सामान झारेर कारबाही गर्नुपर्ने र त्यसका लागि महासंघ प्रतिबद्ध भएर लागिपरेको अध्यक्ष श्रेष्ठको भनाइ रहेको छ ।

दुर्घटनाको एउटा कारण ओभरलोड भएकाले दुर्घटना न्यूनीकरण गर्नका लागि चालकहरुलाई तालिम दिने र ट्राफिक प्रहरीसँग समन्वय, सहकार्य गर्ने उनले बताए । उनले यातायात व्यवसायीहरुको लगानी असुरक्षित भएको उल्लेख गर्दै व्यवसायीका हितका लागि भ्याटमा जानु पर्नेमा जोड दिए ।

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलमा ट्रक तथा यातायात व्यवसायीलाई पार्किङ्को समस्या भएको बताउँदै जग्गाको खोजी गरेर पार्किङ्लाई व्यवस्थित गराउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बुटवल उप-महानगरपालिका व्यवसायीको पक्षमा रहेको बताउँदै कोही पनि व्यवसायी आफ्नो पेशाबाट विस्थापित नहुने गरी कार्यक्रम ल्याउन प्रमुख पाण्डेयले आग्रह गरे ।

पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका अध्यक्ष टिकाराम गौतमले व्यवसायीको हित र संस्थाको संस्थागत विकासका लागि काम भैरहेको बताए ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी महासंघका महासचिव राजेन्द्रविक्रम बानियाँ, पश्चिमाञ्चल यातायात व्यवसायी समितिका पूर्व अध्यक्ष रामेश्वरप्रसाद श्रेष्ठ, माओवादीका निमानन्द गैरे, समाजवादी पार्टी नयाँ शक्तिका केन्द्रीय सदस्य पंकज राई, पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेल, ढुवानी व्यवसायी समिति बुटवलका अध्यक्ष जीतबहादुर भाट, गण्डकी यातायात व्यवसायी समिति पोखराका अध्यक्ष सुरेन्द्र त्रिपाठी, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्ण बेल्वासेलगायतले बोल्दै सरकारले यातायात व्यवसायीका समस्या सम्बोधन गर्न नसकेको गुनासो गरेका थिए ।

साधारण सभाले महासचिव खिमबहादुर थापाद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र कोषाध्यक्ष शंकरप्रसाद लम्सालद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन छलफलसहित पारित भएको छ ।

वरिष्ठ उपाध्यक्ष कमल घिमिरेको स्वागत र प्रकाश गैरेको सञ्चालनमा भएको साधारण सभामा समितिमा विगत २४ वर्षदेखि काम गरेर बिदा भएका कार्यालय प्रमुख बाबुराम अधिकारी, उत्कृष्ट कार्य गर्ने कर्मचारी र व्यवसायीलाई सम्मान गरिएको थियो ।

# ७० लाखमा जीओडी

भैरहवा । विदेशी परिकारसहित पेयपदार्थ पस्किने उद्देश्यका साथ भैरहवामा दुई युवाहरुले गार्डेन अफ ड्रिङ्क्स रेष्टुरेण्ट सञ्चालनमा ल्याएका छन् । भैरहवाको बढ्दो माग, पर्यटकलाई सेवादिने गरी युवाहरु रमेश कान्दु र दीपक बानियाँको ७० लाख लगानीमो सिद्धार्थनगर नगरपालिका-५, मैत्रीपथमा रेष्टुरेण्ट सञ्चालनमा ल्याएका हुन् ।

जीओडी रेष्टुरेण्टमा नेपालीसहित चाइनिज, थाई, इन्डियनलगायतका विदेशी परिकार पस्किने सञ्चालकले जनाएका छन् । रेष्टुरेण्टको शनिबार सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले उद्घाटन गरे ।

सञ्चालक बनियाँले भैरहवाको माग शान्त, मनोरम वातावरणमा विदेशी स्वादिष्ट परिकारहरु एकै थलो पाउनु रहेको पाएपछि हामीले सल्लाह गरी लुम्बिनी आउने पर्यटक, विमानस्थल र भारतीय पर्यटकहरुलाई लक्षित गरि रेष्टुरेण्ट सञ्चालनमा ल्याएको बताए ।

अर्का सञ्चालक कान्दुले ग्राहकको चाहना र मागअनुसार न्यूनतम मूल्यमा गुणस्तरीय परिकार दिने बताए । २० जनालाई रोजगारी दिएको रेष्टुरेण्टले एकैपटकमा १ सय २० जनालाई सेवा दिनसक्ने दाबी गरेको छ ।

# व्यापार घाटा तीन खर्ब ५२ अर्ब ३७ करोड

काठमाडौं । चालु आर्थिक बर्षको तीन महिनामा मुलुकको व्यापार घाटा चार प्रतिशतले कमी आएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार कुल वस्तु निर्यातमा छ दशमलव एक प्रतिशतले कमी आई रु ३८ अर्ब ३८ करोड कायम भएको छ । यस्तै, वस्तु आयातमा चार दशमलव दुई प्रतिशतले कमी आई रु तीन खर्ब ९० अर्ब ७५ करोड कायम भएको छ ।

गत वर्षको तुलनामा व्यापार घाटामा चार प्रतिशतले गिरावट आई रु तीन खर्ब ५२ अर्ब ३७ करोड रहन गएको छ । यस्तै, विप्रेषण आप्रवाह ११ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु चार खर्ब सात अर्ब ३१ करोड रहन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु तीन खर्ब ६५ अर्ब ३७ करोड पुगेको थियो ।

चालु आवको पहिलो त्रयमासमा चालु खाता रु एक खर्ब ११ अर्ब ८७ करोड र शोधनान्तर स्थिति रु एक खर्ब ८४ अर्ब ९९ करोडले बचतमा छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु ५९ अर्ब ६५ करोड र शोधनान्तर स्थिति रु एक खर्ब एक अर्ब ६६ करोडले बचतमा रहेको थियो ।

औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ । गत असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति सात दशमलव ५० प्रतिशत रहेको थियो ।

तरकारी तथा दलहन उप- समूहको उच्च मूल्य वृद्धिका कारण २०८१ असोजमा वार्षिक विन्दुगत आधारमा खाद्यान्न समूहको मुद्रास्फीति सात दशमलव १८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ५० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी समूहको मुद्रास्फीति क्रमशः आठ दशमलव ४८ प्रतिशत र छ दशमलव ८५ प्रतिशत रहेको थियो ।

गत असोजमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति पाँच दशमलव ५१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दुई दशमलव ७८ प्रतिशत रहेको थियो । त्यसैगरी, तलब तथा ज्याला सूचकाङ्क तीन दशमलव ३६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क पाँच दशमलव ६५ प्रतिशतले बढेको थियो ।

चालु आवको मुद्रास्फीतिलाई पाँच प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक व्यवस्थापन गर्ने नीति लिइएकोमा पहिलो तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको छ । गत असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि सात दशमलव १८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि तीन दशमलव ४९ प्रतिशत रही वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको छ ।

कम्तिमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा गत असोज मसान्तमा १४ दशमलव महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ ।

मौद्रिक नीतिमा उल्लिखित ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दरलाई पाँच दशमलव पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा आएको छ । चालु आवको पहिलो त्रयमासमा बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दर तीन प्रतिशत छ ।

आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२ प्रतिशत र मौद्रिक क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२ दशमलव पाँच प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा वार्षिक विन्दुगत आधारमा गत असोज मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय १३ दशमलव तीन प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा छ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ ।

# मणिमुकुन्दमा कक्षा ११ का विद्यार्थीलाई स्वागत




बुटवल । बुटवल योगिकुटीस्थित मणिमुकुन्द माविमा कक्षा १२ का विद्यार्थीले कक्षा ११ का विद्यार्थीलाई स्वागत गरेका छन् । कार्यक्रममा बोल्दै विद्यालयका अध्यक्ष गमप्रसाद रेश्मी, प्राचार्य टुकबहादुर क्षेत्रीलगायतले गुणस्तरीय शिक्षामा उत्कृष्टतामा निरन्तरता र अतिरिक्त क्रियाकलाप र खेलकुदमा प्रदेशकै अब्बल शैक्षिक संस्था मणिमुकन्द बनेकाले विद्यार्थी र अभिभावकको रोजाइमा परेको बताए ।

कार्यक्रममा औंला र चक्र ब्याण्डसहित विद्यार्थीहरुले विभिन्न सांगीतिक प्रस्तुतिमार्फत् मनोरञ्जन दिलाएका थिए । कार्यक्रममा प्याव्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डे, सहायक क्याम्पस प्रमुख दिवाकर खनाल, बीबीएस संयोजक दिनेश पाण्डे, विज्ञान संकाय संयोजक लक्ष्मण गैरे, व्यवास्थापन संकाय संयोजक पशुपति चौधरीलगायतले मणिमुकुन्द कलेज विद्यार्थीमैत्री शैक्षिक संस्था भएको र विद्यार्थीको चौतर्फी विकासमा कुनै सम्झौता नगर्ने बताएका थिए । कक्षा १२ की छात्रा गरिमा रेग्मीले अध्यक्षता गरेको कार्यक्रममा संगम सापकोटाले स्वागत गरेका थिए ।

# भलिबलको उपाधि वडा नम्बर ७ लाई



देवदह । रुपन्देहीको देवदहमा सञ्चालित ५औं वडास्तरीय पुरुष भलिवल प्रतियोगिताको उपाधि वडा नम्बर ७ ले हात पारेको छ । प्रतियोगिताअन्तर्गत भएको फाइनल खेलमा वडा नम्बर ५ लाई ३-१ को सेटमा हराउँदै वडा नम्वर ७, ले उपाधि हात पारेको हो ।

फाइनल खेलमा २५-२१, २५-२४, २५-१६ मा तिन सेट जित्दै वडा नम्वर ७, ले उपाधि हात पारेको हो । खेलमा वडा नम्बर ५ ले २५-२२ मा एक सेट जित्दै उपविजेता बनेको छ । उपाधिसँगै वडा नम्बर ५, ले नगद ४१ हजारसहित ट्रफी मेडल प्राप्त गरेको छ । प्रतियोगितामा उपबिजेता बनेको वडा नम्बर ५ ले नगद २५ हजारसहित ट्रफी र मेडल प्राप्त गरेको छ । त्यसैगरी प्रतियोगितामा वडा नम्बर १० तृतीय भएको छ । तेश्रो स्थानको लागि भएको खेलमा वडा नम्बर ६ लाई सोझो सेटमा हराउँदै वडा नम्बर १० तृतीय भएको खेल संयोजक मिलन मास्की रानाले जानकारी दिए । प्रतियोगितामा तृतीय स्थान प्राप्त गरेको वडा नम्बर १० ले नगद १० हजारसहित ट्रफी र मेडल प्राप्त गरेको छ ।

प्रतियोगितामा सान्त्वना भएको देवदह-६, ले नगद ७ हजार प्राप्त गरेको खेल संयोजक रानाले जानकारी दिए । प्रतियोगितअन्तर्गत भएको ३५ वर्षमाथिको भेन्ट्रास खेलमा वडा नम्बर ४ विजयी भएको छ । खेलमा वडा नम्बर ५ लाई हराउँदै वडा नम्बर ४ विजयी भएको हो । त्यसैगरी फाइनल खेलको पूर्व सन्ध्यामा भएको देवदह नगरपालिकाका कर्मचारी र पत्रकारहरुबिच भएको मैत्रीपूर्ण खेलमा पत्रकारको समूह विजयी भएको छ । खेलमा पत्रकार समूहले नगरपालिकाका कर्मचारीलाई सोझो सेटमा हराउन सफल भएको थियो ।

प्रतियोगितामा विजयी भएका खेलाडीहरुलाई देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रे र स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार देवदहका अध्यक्ष विनोदकुमार गुरुङ्गले संयुक्त रुपमा पुरस्कार प्रदान गरेका थिए । देवदह नगरपालिकाको सहयोगमा स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार देवदहको १०औं वार्षिक साधारणसभाको अवसरमा उक्त प्रतियोगिताको आयोजना गरेको हो । अध्यक्ष विनोदकुमार गुरुङ्गको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष खड्कबहादुर पुनको स्वागत र सचिव जयबहादुर पुलामीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सेवाग्राहीले मेसो नपाएको प्रदेश जनस्वास्थ्य प्रयोगशाला




**श्रीराम ज्ञवाली**
*बुटवल*

लुम्बिनी प्रदेश सरकारको मातहतको बुटवल तामनगरस्थित जनस्वास्थ्य प्रयोगशाला ओझेलमा परेको छ । बुटवलको तामनगरमा सरकारको लगानीमा बनेको भव्य भवन तथा संरचना रहेको प्रयोगशालाको लोकेसन र त्यहाँबाट उपलब्ध सेवा सुविधाबारे अधिकांश नागरिकलाई नै जानकारी नै छैन ।

संघीयता लागू भएपश्चात् सरकारले प्रदेशवासीलाई केही ल्याब परीक्षण निःशुल्क र केही परीक्षण न्यूनतम शुल्कमा गर्ने गरी प्रयोगशाला सञ्चालनमा ल्याएको हो । तर प्रयोगशालाबारे उचित प्रचार प्रसारको अभावमा नागरिकलाई जानकारी नभएको कारणले नागरिकहरु सेवा लिन गएका छैनन् । प्रयोगशालामा होलबोडि चेक अप, थाइराईड, मिर्गौला, रगत, कोरोना, दिसा-पिसाब, सिकलसेल (वंशाणुगत), पाठेघर क्यान्सर, एचआईभी, फ्लुएन्जा भाइरस, क्षयरोगलगायत करिव तीनसय थरि टेस्ट हुन्छ । होल बडी चेकजाँचका लागि न्यूनतम १ हजार ६ सय शुल्कमा परीक्षण गरिरहेको छ । अरु शुल्क पनि निजीभन्दा धेरै सस्तो छ ।

ग्लोबल फण्ड सेभ द चिल्ड्रेनले भवन बनाई केही उपकरणसहित प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो । यसमा स्थानीय, प्रदेश र संघको सहयोग रहेको छ । कोरोना भाइरस संक्रमणको समयमा पालिका र जिल्ला पुगेका मेसिनहरु कोरोनाकालपछि ती निकायले प्रयोगशालालाई उपलब्ध गराएका छन् । २०८१ असार यता दैनिक २० जनाका दरले सेवाग्राहीले सेवा लिएका प्रयोगशालाका निमित्त निर्देशक राजेशकुमार गुप्ताले बताए । नागरिकलाई सस्तो शुल्कमा ल्याब परीक्षण सेवा दिने उद्देश्य अनुरुप स्थापना गरिएको प्रयोगशालाबारे नागरिकले जानकारी नपाएको कारण ओझेलमा परेको उनले दुखेसो पोखे ।

२०८० असोजमा आफू उक्त प्रयोगशालामा नियुक्त भएपश्चात् सुस्त रहेको कार्यालयलाई मूर्तरूप दिन सफल भएको र थप सक्रियतापूर्वक लाग्नुपर्ने देखेको उनले बताए । परीक्षण सेवाका साथै दर्ता नभएका प्रयोगशालालाई नियमसँगत दर्ता प्रक्रियामा ल्याउने काम पनि त्यहाँबाट हुने उनले बताए ।

प्रदेशभित्र फैलिएका विभिन्न समयका महामारीमा स्थलगत परीक्षण र उपचार, कोरोना भाइरसको अवस्था निरन्तर निगरानी र जानकारी लिनका लागि परीक्षण र सचेतनामा प्रयोगशालाले पहल गरेको बताए ।

सेवाग्राहीबाट आएको आम्दानी सरकारको राजस्व खातामा प्रत्यक्ष जाने गरेको छ । प्रयोशालामा २४ जना कर्मचारी कार्यरत छन् । अस्पताल र प्रयोगशालाको दूरी टाढा हुँदा झन्झट र उपचारमा ढिलाइ हुने भएकाले सेवाग्राहीहरु सरकारी प्रयोगशालामा नगई नजिकका निजी ल्याबमा महँगो शुल्क तिर्न बाध्य भएका एक कर्मचारीले बताए ।

# दुई करोड ४३ लाखको लागतमा खानेपानी सुविधा



गुल्मी । दुई करोड ४३ लाख ८८ हजार लागतमा मुसिकोट नगरपालिकामा खानेपानी आयोजना सम्पन्न भएको छ । लिफ्ट प्रविधिमार्फत् खोलाको पानी गाउँ पुऱ्याइएको हो ।

पूर्वाधार साझेदारी विकास कार्यक्रमअन्तर्गत रु ६५ लाख, खानेपानी तथा सरसफाइ कार्यालय गुल्मीको रु ९७ लाख ४८ हजार, नेपाल विद्युत् प्राधिकरणमार्फत रु ४३ लाख ९० हजारका विद्युतीय सामग्री एवं स्थानीय जनश्रमदान रु ३७ लाख ५० हजार गरी कूल रु दुई करोड ४३ लाख ८८ हजार लागतमा उक्त आयोजना सम्पन्न भएको हो । 'एक घर एक धारा' खानेपानी योजनामार्फत् त्यहाँका एक सय २३ घरमा खानेपानी पुगेको भगलामगैरा दजाकोट लिफ्ट खानेपानी उपभोक्ता समूहका सचिव दिलबहादुर सोनारीले जानकारी दिएका छन् ।

गाउँमा खानेपानी नहुँदा स्थानीयहरुले विगतमा छल्दिखोला र ओलाङ्दीसम्म पुगेर पानीको जोहो गर्नुपर्ने अवस्था थियो । पुस्तौंदेखि खानेपानीको समस्या झेल्दै आएका दजाकोटमा लिफ्ट प्रविधिमार्फत् खानेपानी पुगेपछि अब पानीको समस्या टरेको स्थानीय हरि छन्त्यालले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com